# इतिहासका बाँकी पृष्ठहरु



- चन्द्रप्रकाश लिम्बु

सम्माननीयहरु
माफ गर्नुहोला मलाई
म निस्कें
यो सभाबाट....।

हामी चिहानमा बसेका छौं
यो कोलाहल
यो अनिर्णय
विमत अनि असमझदारी
लाशहरुको आदिम श्वाद
जिब्रोमै झुण्डिएछ
घोषित-अघोषित शहीदहरुको ।

हामी हिटलर हौं
सत्ता मुठ्ठीमा छ हाम्रो
ग्याँसको च्याम्बरभित्र छ
जिउँदो इतिहास
पिल्सिएर भत्र्याक-भत्र्याक
उकुसमुकुस-उकुसमुकुस
जलाउँन सक्दैन
हातका मशालहरुले
हुत्याउँन सक्दैन
काला झण्डा र जुलुसहरूले
भो अब बस्दिन
चिहानघारिमा ॥

हामी लादेन
शहीदहरुको सपना
सपनाको सगरमाथा
गल्र्यामगुर्लुम ढालेका छौं
निलेकाछौं निमुखालाई
मातृभूमि
भ्रष्टचारको भवाङ्गा
जिजीविषाको खाष्टो ओढेर
थर्र...थर्र...थर्र...
कामिरहेको छ
ऊ
हेरत त्याँ
'चरी' गन्हाइरहेछ
भो अब बस्दिन
चिहानघारिमा ॥।

ऊ......त्यो कुनाबाट
क्षेप्यास्त्र  आयो अस्पष्ट आवाजको
किन थाहा छ ?
पट्टी छ आँखामा
बुजो छ मुख र कानमा
किनकी
ऊ एउटा योद्धा
घाइते योद्धा
मातृभूमिको खातिर
आहूति दिन तत्पर ज्यान
हो
नखोल पट्टी, बुजो र कडी
ओकल्न सक्छ यथार्थता
र
खोसिन सक्छ वृफकेश
चिल्ला गाडी र महल
उफ !!
आलो रगतको राग छ यहाँ
भो अब बस्दिन चिहानघारिमा  ॥

म देशको निम्ति रगत दिन्छु
म देशको निम्ति
रगत दिन्छु भनेर
युद्ध भूमिमा
'नर' वली चढायौं कति-कति
त्यो रक्तिम पाइला
त्यसै त्यसै उँगिरा'छ
व्यूँझने छैन पनि ।

"भोट् दिनुस देश बनाउँनेछौं"
यहि फुस्रा घोषणा-पत्र
एउटा पासो हो
जहाँ करोडौ माछाहरु
चारोको लोभमा फसे
अब हामीलाई
न बाढीले बगाउँछ
न पहिरो र हुरिले लान्छ
झिलिमिली छौं  आफैमा
धन्य-धन्य ती हातहरु ॥

भो अब बस्दिन
चिहानघारिमा
म निस्कें !!

म आउँनेछु
चेतनाको निलो नदी बगेर
विद्रोहको सुनामी बनेर
आँशु र रगतले

लछ्रप्प भिजेको छाती निको पार्न
टुसाउँदा टुसाउँदै
निमोठेको शान्तिको मुना फलाउँन
खन्नेछु यो चिहानघारि
नागरिक डोजरले
अनि बसाल्नेछु
शान्त र सुन्दर बस्तिहरु
भर्नेछु जिउँदो इतिहासका
बाँकी पृष्ठहरू ....
भर्नेछु
इतिहासका बाँकी पृष्ठहरू ....।।।

Chandra Prakash Limbu
Dharan-16, Bikash Tole Sunsari Nepal
chin8bro@gmail.com
Contact: 00977 9817311220